नगर कार्यपालिकाबाट पारित मिति: २०७४/०७/०८

नगर कार्यपालिकाबाट प्रमाणित तथा प्रमाणिकरण मिति:२०७४/०७/०८

राजपत्रमा प्रकाशित मिति:२०७४/०७/०८

# छेडागाड राजपत्र

## छेडागाड नगरपालिकाद्धारा प्रकाशित

**खण्ड १) कार्कीगाउँ, जाजरकोट कार्तिक ८ गते, २०७४**

**भाग ४**

## छेडागाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको छेडागाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७४ सालको कार्यविधि नं. ३

### छेडागाड राजपत्र प्रकाशन गर्ने, अद्यावधिक गर्ने र वेवसाईटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७४

नेपालको संविधानको धारा २१८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन समेतको अधिनमा रही छेडागाड नगरपालिका नगर कार्यपालिकाले छेडागाड नगरपालिकाबाट निर्माण गरिने कानूनी दस्तावेजहरु तथा प्रचलित कानून वमोजिम छेडागाड राजपत्रमा प्रकाशित गरिनुपर्ने प्रकाशनहरु **छेडागाड राजपत्र प्रकाशन गर्ने, अद्यावधिक गर्ने र वेवसाईटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७४** जारी गरेको छ ।

**प्रस्तावना:** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम छेडागाड नगरपालिका नगरसभा तथा नगर कार्यपालिकाबाट पारित भइ नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणीकरण भएको ऐन तथा नगरपालिकाले वनाएको तथा स्वीकृत गरिएका नियम, बिनियम, मापदण्ड, कार्यविधि, निर्देशिका, आदेश एवं नगरपालिका पक्ष भएका सन्धि सम्झौताहरु तथा सरकारी निर्णय एव सूचनालाई छेडागाड राजपत्रको माध्यमबाट प्रकाशन गरी नागरिकहरुलाई सूचनाको हक सम्बन्धी अधिकारको उपभोग गर्ने वातावरणको प्रत्याभुत गर्दै बि.स. २०७४ साल कार्तिक ८ गते देखि छेडागाड

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

राजपत्रलाई नियमित र व्यवस्थित रुपमा प्रकाशन गरी सर्वसाधारणहरुको बीचमा प्रकाशन तथा वेवसाईट मार्फत पुऱ्याउन अनिवार्य भएको पहिलो पटक छेडागाड राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्नु छेडागाड राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न छेडागाड राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न छेडागाड राजपत्र प्रकाशन गर्ने अधिकारीको व्यवस्था गर्न छेडागाड राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र विक्रि वितरणको प्रवन्ध गर्न निर्धारण गर्न, बान्छनीय भएकोले छेडागाड नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरि यो कार्यबिधि बनाएको छ ।

भाग-४

**प्रारम्भिक**

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "छेडागाड राजपत्रहरुलाई प्रकाशन गर्ने, अध्यावधिक गर्ने र वेवसाईटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. "उपशाखा" भन्नाले छेडागाड नगरपालिका नगर कार्यपलिकाको मुद्रण उपशाखालाई सम्झनु पर्दछ।

ख. "वेवसाईट" भन्नाले छेडागाड नगरपालिकाको वेवसाईट: www.chhedagadmun.gov.np सम्झनु पर्छ ।

ग. "अध्यावधिक गर्ने कार्य" भन्नाले नगरपालिकाको वेवसाईटमा प्रकाशन गरिने छेडागाड राजपत्र सम्बन्धी विद्युतीय स्वरुपमा तयार गरी नगरपालिकाको वेवसाईटमा समावेश गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले त्यसरी समावेश गर्नु अगाडी गरिने प्रुफ रिडिङ सम्पादन गर्ने कार्य समेतलाई जनाउनेछ ।

घ. "नगरपालिका" भन्नाले छेडागाड नगरपालिका सम्झनुपर्छ ।

ङ. "राजपत्र" भन्नाले छेडागाड राजपत्र सम्झनुपर्छ ।

भाग-२

**राजपत्रको भाग, ढाँचा, प्रकाशन, अभिलेख र वितरण**

३. **छेडागाड राजपत्रको विधुतीय प्रकाशन गर्नेः** (१) छेडागाड राजपत्रहरु प्रचलित कानुनको अधिनमा रहि निम्न विषयहरुको प्रकाशन गर्न तथा विधुतिय प्रकाशन गर्न सक्ने छ ।

नगर सभा तथा नगर कार्यपालिका र नगर कार्यपालिकाको कार्यालयबाट जारी गरिने सम्पूर्ण सूचना, ऐन, नियम, अध्यादेश तथा सरकारी निर्णयहरु ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

४. **राजपत्रका भाग तथा विषयवस्तु र ढाँचा:** (१) नगरपालिकाको कार्यालयबाट प्रकाशन हुने राजपत्रहरुमा देहाय बमोजिमका भागहरुमा देहाय बमोजिमका विषय वस्तुहरु प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका सूचनाहरु प्रकाशन गर्न बाधा पर्ने छैन ।

(क) **भाग १** -नगर सभाबाट पारित भै नगर प्रमुखबाट प्रमाणीकरण गरिएका ऐन तथा नियमहरु।

(ख) **भाग २-** नगर कार्यपालिकाबाट पारित नियमावली तथा नगर कार्यपालिकाले जारी गरेका आदेशहरु तथा निर्णयहरु ।

(ग) **भाग ३** - ऐन अन्तरगतका नियुक्ति तथा सूचनाहरु ।

(घ) **भाग ४** - नगर कार्यपालिकाबाट पारित विनियमावली मापदण्ड कार्यविधि निर्देशिका ।

(ङ) **भाग ५** - ऐन नियम वा आदेश अन्तरगत वा नगर कार्यपालिकाको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि उल्लेख भएका सूचनाहरु ।

(च) **भाग ६** - छेडागाड नगरपालिका पक्ष भएका सन्धि तथा संझौताहरु ।

(३) छेडागाड राजपत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

५. **राजपत्रको विद्युतीय अभिलेखिकरणको व्यवस्थापन** (१) राजपत्रको विधुतिय अभिलेखिकरणको कार्य मुद्रण उपशाखाबाट सम्पन्न हुनेछ ।

(२) राजपत्रको विधुतिय प्रकाशन कार्यको लागि मुद्रण उपशाखाबाट प्रिन्टिङ कार्यको लागि छपाई सामाग्री पेश भए पश्चत उक्त सामग्रीको विधुतिय प्रति नगर सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध गराउनु पर्ने छ ।

६. **आधिकारिकता प्रमाणित** (१) राजपत्रको विधुतिय प्रकाशन वेव मार्फत लिइएको ऐन, नियम तथा सूचनाहरुको प्रतिलिपिले कानुनी मान्यता प्राप्त गर्न सक्ने छैन।

(१) राजपत्रको आधिकारीकता प्रमाणितको लागि नगरपालिकामा सर्वाधिकार रहनेछ । नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई आधिकारीकता प्रमाणितको अधिकार रहनेछ ।

७. **राजपत्रहरुको सुचि प्राप्त भएपछि वेवमा राख्ने समय:** (१) उपशाखाले राजपत्रहरुको प्रकाशन पश्चात राजपत्र प्रकाशन हुनुभन्दा अगाडी प्रमाणित भएका एन नियमावली निर्देशिका मापदण्ड सूचनाहरु पूर्ण वा आशिक रुपमा राजपत्रहरु वेवसाइटमा राख्न सकिनेछ ।

८. **राजपत्रहरुको वेवसाईटमा प्रकाशन (अपलोड) गर्ने सम्बन्धी व्यवस्था :** (१) उपशाखाले कुनैपनि राजपत्रहरु वेवसाईटमा अपलोड गर्नु अगाडी प्रमुख प्रशाकीय अधिकृतवाट स्वीकृत भए पश्चात मात्र वेवसाईटमा अपलोड वा प्रकाशन गरिने छ ।

९. **पानी छाप (वाटर मार्क) राखिने** : उपशाखाले वेवसाईट मार्फत प्रकाशन गर्ने छेडागाड राजपत्रमा उपशाखाको नाम उल्लेख भएको पानी छाप प्रयोग गरिने छ ।

१०. **वेवसाईट व्यवस्थापन समिति** : (१) नगरपालिकाले राजपत्रहरुको वेवसाईटमा अपलोड गर्ने कार्यलाई व्यवस्थित, अध्यावधिक र दुरुस्त बनाइ राख्ने प्रयोजनको लागि एक वेव व्यवस्थापन तथा अनुगमन समिति गठन गर्न सक्ने छ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले वेव साईटमा रहेका सामग्रीहरुलाई व्यवस्थित गरी उक्त सामग्रीहरुलाई अध्यावधिक र त्रुटिरहित बनाउने सम्बन्धमा आवश्यक सुझाव सल्लाह र समन्वयको कार्य गर्ने छ ।

११. **प्रकाशन सम्बन्धमा नगरपालिकाले निर्णय गर्न सक्ने** : (१) यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि विभागका अन्य दस्तावेज वा अन्य सामग्रीहरुलाई वेवमा प्रकाशन गर्न उपयुक्त छ भन्ने लागेमा नगरपालिकाले आवश्यक निर्णय गर्न सक्ने छ ।

१२. **खण्डको व्यवस्थाः** (१) छेडागाड राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष कायम गरी त्यसपछि क्रमश जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

१३. **छेडागाड राजपत्रको संख्या तथा अतिरिक्ताङ्कः** (१) छेडागाड राजपत्रको संख्या तथा अतिरिक्ताङ्क कायम गर्दा क्रमश संख्या कायम गरिनेछ

(२) उपदफा (१) बमोजिम संख्या तथा अतिरिक्ताङ्क कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो वर्ष भरी पारित वा निर्णय भइ प्रकाशन भएका विषयमा क्रमश संख्या राखी अर्को वर्ष शुरु भए पछि नयाँ संख्या तथा अतिरिक्ताङ्क शुरु गरिनेछ ।

(३) सोमवार प्रकाशित भएमा संख्या मानिनेछ र अन्य दिनमा प्रकाशित भएमा अतिरिक्ताङ्क मानिनेछ ।

१४. छेडागाड राजपत्र छेडागाड नगरपालिकाको प्रमुख प्रशाकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा आज्ञाले भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशाकीय अधिकृत भन्ने वाक्याँश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजना गरेको भए त्यस्तो अधिकृतको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

१५. **निशुल्क रुपमा उपलब्ध गराउनुपर्नेः** (१) नगरपालिकाले छेडागाड राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।

क नेपाल सरकार र प्रदेश सरकारो संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय

ख जिल्ला समन्वय समिति

ग नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र

घ सम्बन्धित विभाग महाशाखा शाखा इकाइ सेवा केन्द्र

ङ नगरपालिकाका प्रत्येक वडा कार्यालय

१६. **विक्रि वितरणको व्यवस्था तथा विक्रि मूल्यः** (१) प्रकाशित राजपत्र वडा कार्यालयहरु र सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) राजपत्रको देहाय वमोजिम विक्री मूल्य निर्धारण गरिएको छ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(क) **वार्षिक सदस्य बनाई बिक्री गर्दा:** (१) वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा वार्षिक ६००। (छ सय मात्र)

(ख) **खुद्रा विक्री गर्दा:** (१) स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले राजपत्र लिन चाहेमा देहाय बमोजिम फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु ५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु १० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु १५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु २० मात्र
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु २५ मात्र
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु ५० मात्र
- ९७ देखि  देखि बढी जति पेज हुन्छ त्यसमा थप प्रति पेज २८ पैसा दरले थप शुल्क लिइनेछ ।

१७. **विक्री बाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने:** (१) राजपत्र विक्री बापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१८. **कार्यविधिको व्याख्या:** (१) यस कार्यविधिको कार्यन्वयन गर्ने क्रममा कुनै द्धिविधा उत्पन्न भएमा नगरपालिकाले गरेको व्याख्या अन्तिमि हुनेछ ।

१९. **बचाउ:** (१) यो कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ  (२) यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानूनहरु यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

कुशेगाउँ नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची -१

(दफा ४ (क) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

---

छेडागाड राजपत्र

---

खण्डः... संख्याः...मितिः ..../../..

---

भाग-१

छेडागाड नगरपालिका

नगर सभाबाट पारित भै नगर प्रमुखबाट प्रमाणीकरण गरिएका ऐन तथा नियमहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची -१

(दफा ४ (ख) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

छेडागाड राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-२

छेडागाड नगरपालिका

नगर कार्यपालिकाबाट पारित नियमावली तथा नगर कार्यपालिकाले जारी गरेका आदेशहरु तथा निर्णयहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची( - १

(दफा ४ (ग) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

छेडागाड राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-३

छेडागाड नगरपालिका

ऐन अन्तरगतका नियुक्ति तथा सूचनाहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची - १

(दफा ४ (घ) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

छेडागाड राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-४

छेडागाड नगरपालिका

नगर कार्यपालिकाबाट पारित विनियमावली मापदण्ड कार्यविधि निर्देशिकाहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची -१

(दफा ४ (ङ) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

छेडागाड राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-५

छेडागाड नगरपालिका

ऐन नियम वा आदेश अन्तरगत वा नगर कार्यपालिकाको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि उल्लेख भएका सूचनाहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची - १

(दफा ४ (च) सँग सम्वन्धित)

छेडागाड नगरपालिका

छेडागाड राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-६

छेडागाड नगरपालिका

नगरपालिका पक्ष भएका सन्धि तथा संझौताहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मितिः २०७४।०७।०८**

**आज्ञाले**

**सर्वदल शाही**

**निमित्त**

**प्रमुख प्रशासकीय अधिकृत**

छेडागाड नगरपालिका नगर कार्यपालिका मुद्रण उपशाखा कार्कीगाउँ जाजरकोटमा मुद्रित । मूल्य रु १०

गो हु द नं



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

ड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ